जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक १३३ २०८१ साल पुस ८ गते सोमबार (23 Dec. 2024 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : एनपिएल क्रिकेट : बिर्सिन... ३ पृष्ठमा : पाँच महिनामा १३ अर्ब चार... ३ पृष्ठमा : भारतमा बालविवाहका ...

# मदरसाका शिक्षक/शिक्षिका आन्दोलित

**दैनिक समाचारदाता**
**राजविराज, ७ पुस ।**

मदरसामा कार्यरत शिक्षक/शिक्षिकाहरु लामो समयदेखी पाउन नसकेको तलब तथा मनपरी ढंगले गरेको सरुवा बदरको माग गर्दै आन्दोलित भएका छन् ।

पीडित शिक्षक/शिक्षकाहरु आइतबार राजविराजमा प्रदर्शनसहित प्रमुख जिल्ला अधिकारीमार्फत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई ध्यानाकर्षण पत्र पठाई आफूहरुको माग अविलम्ब सम्बोधन गर्न माग गरेका छन् ।

ध्यानाकर्षण पत्रमा आफूहरुको जायज माग पुरा नगरिए चरणबद्ध आन्दोलनमा जाने चेतावनी समेत दिइएको छ । मदरसा समन्वय समिति सप्तरीका अध्यक्ष मो. शाहजाहाको अगुवाईमा प्रदर्शन पश्चात् प्रमुख जिल्ला अधिकारी भोला दाहालमार्फत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई उक्त ध्यानाकर्षण पत्र पठाइएको हो ।

ध्यानाकर्षणपत्रमा विष्णुपुर गाउँपालिका १ स्थित मदरसा फैजुल इस्लामिया विद्यालयका प्रधानाध्यापक मो. शाहजाहालाई दु::ख दिने नियतले मात्र सरुवा गरिएको भन्दै उक्त सरुवा बदर हुनुपर्ने माग गरिएको छ ।

उक्त सरुवा प्रकरणमा न्याय खोज्न प्रअ शाहजाहा



उच्च अदालत जनकपुर-राजविराज इजलाश पुगेको र अदालतले गत २०८० चैत २७ गते निजलाई हाल सोही मदरसामा काम गर्नु/गराउनु भनी आदेश जारि गरेपनि उक्त आदेशको पालना नगरिएको ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

उक्त सरुवा धार्मिक विद्यालय संचालन निर्देशिका २०७९ तथा शिक्षा ऐन नियमावली विपरीत भएको दाबीका साथ पुर्वाग्रही र दुःख दिने नियतले गरिएको सरुवा बदर गर्नु पर्ने माग गरिएको छ ।

यस्तै राजविराज नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न मदरसामा अनुदानको रकमबाट तलब खाने गरि नियुक्त गरिएका करिब ४० जना शिक्षक/शिक्षिकाले गत ६ महिनादेखी तलब पाउन नसकेको भन्दै ध्यानाकर्षणपत्र मार्फत अविलम्ब तलबको व्यवस्था गर्न माग गरिएको छ ।

राजविराज १ चनौरा पडरियास्थित आशिमिया दारुल उलम मदरसाका प्रअ रुबिना बेगमले आफूहरुले दशैंको खर्चगरि विगत ७ महिनादेखी तलब पाउन नसकेको गुनासो पोखिन । "एक त ९ हजार २ सय जति थोरै तलब छ, त्यसमा पनि गत २०८१ साउन देखी नै तलब पाउन सकिएको छैन, उनले पीडा पोख्दै भनिन्- यस्तो अवस्थामा कसरी हुन्छ पठनपाठन ?"

उनले राजविराज नगरपालिका मार्फत मदरसालाई प्राप्त हुने अनुदान रकम विगत ७ महिनादेखी प्राप्त हुन नसक्दा करिब ४० जना शिक्षक/शिक्षिकाको बिचल्ली भएको गुनासो पोखिन् । मदरसा इस्लामिया जोलहरीका प्रअ अन्जु आराले ६ महिनादेखी रोकिएको अनुदान रकम माग गर्दै पटक पटक नगरपालिका पुगे पनि आश्वासन बाहेक केही नपाएकोले बाध्य भई आन्दोलनमा उत्रु परेको बताइन् ।

# जिल्ला समन्वय समितिको सहिद पार्कमा बिरूवा रोपन



**दैनिक समाचारदाता**
**राजविराज, ७ पुस ।**

नेपाल बार एशोसिएशनको ६९ औं स्थापना दिवसको अवसरमा आइतबार जिल्ला समन्वय समिति सप्तरीको सहिद पार्कमा फुल बिरूवा रोपन गरिएको छ ।

उच्च अदालत बार एशोसिएसनको आयोजनामा बिरुवा रोपन तथा हस्तान्तरण कार्यक्रम गरेको एशोसिएसनका अध्यक्ष हरेराम यादवले जानकारी दिएका छन् ।

जिल्ला समन्वय समितिको सहिद पार्कमा उच्च अदालतका न्यायाधीश सरला कुमारी पाण्डेको नेतृत्वमा धुमी, सल्ला, लगायतका बिरुवा रोपेका थिए ।

राजगढ गाउँपालिका सारदा राप्रपावि फैकराका सामुदायिक बिद्यालयलाई पाँचसय बिरुवा हस्तान्तरण गरेको एशोसिएसनका अध्यक्ष यादवले हस्तान्तरण गरेका हुन् । अध्यक्ष यादवले पर्यावरण जोगाउन र वातावरण संरक्षणको लागि रूख विरूवा रोप्ने कार्यलाई प्राथमिकतामा राखेको बताए ।

रूख विरूवाको बिनासका कारण अनावश्यक प्रकोप आइदिनाले रूखविरूवा रोप्न आवश्यक रहेकोले जिल्लाको प्रत्येक बिद्यालयलाई बिरुवा वितरण गर्ने योजना रहेपनि बिरुवा रोप्नका लागि विद्यालयहरू व्यवस्थित नभएकोले तत्काल बितरण गर्न नसकेपनि बिस्तारै व्यवस्थित भएपछि क्रमश बितरण गर्ने अध्यक्ष यादवको भनाइ रहेको थियो ।

# जनकपुरका समर्थकमाथि भएको दुर्व्यवहारको निन्दा, घटनामा संलग्न दोषी पक्षलाई कारबाहीको माग

काठमाडौँ, ७ पुस (रासस) ।

मधेशी आयोगले जनकपुर बोल्ट्स र सुदूरपश्चिम रोयल्स्बीच भएको अन्तिम खेलपछि बोल्ट्सका समर्थकहरु माथि भएको दुर्व्यवहारको भ्रत्सना गर्दै दोषी पक्षलाई कारबाही गर्न प्रहरी प्रशासनसँग अनुरोध गरेको छ ।

कीर्तिपुर खेलमैदानमा हिजो शनिबार सम्पन्न एनपीएल खेलका क्रममा जनकपुर बोल्ट्सका समर्थकमाथि भएको दुर्व्यवहारको निन्दा गर्दै आयोगले उक्त घटनामा संलग्न व्यक्तिहरूको यथाशीघ्र पहिचान गरी उनीहरूलाई सख्त कारवाही गर्न प्रहरी प्रधान कार्यालयसँग अनुरोध गरेको हो ।

आयोगका अध्यक्ष डा विजयकुमार दत्तले आइतबार एक विज्ञप्ति जारी गरी यसकिसिमका घटनाप्रति राज्य तथा प्रहरी प्रशासन संवेदनशील नभएमा सामाजिक सदभाव तथा राज्यको चौतर्फी विकासमाथि नकारात्मक असर

***बाँकी अन्तिम पृष्ठमा***

# हृदयघातबाट थुनुवाको मृत्यु

**दैनिक समाचारदाता**
**महोत्तरी, ७ पुस ।**

महोत्तरी कारागारका एक थुनुवाको हृदयघातबाट मृत्यु भएको छ ।

लागुऔषध दुर्व्यसन तथा कारोबार मुद्दामा पूर्पक्षका लागि थुनामा रहेका सिन्धुलीको कमलामाई नगरपालिका-७ का ३० वर्षीय निशाज सुनुवारको आइतबार मृत्यु भएको कारागार प्रशासनले जनाएको हो ।

जिल्ला अदालत महोत्तरीको आदेशमा छ महिनादेखि थुनामा रहेका उहाँलाई आइतबार बिहान स्वास्थ्यमा असजिलो महसुस भएपछि तत्काल जलेश्वर अस्पताल पुऱ्याइएको थियो । हृदयघातबाट निजको मृत्यु भएको चिकित्सकले जनाएका कारागारका सूचना अधिकारी रविनचन्द्र ठाकुरले जानकारी दिनुभयो ।

# बार दिवसमा दुई दर्जन कानुन व्यवसायीद्वारा रक्तदान




**दैनिक समाचारदाता**
**राजविराज, ७ पुस ।**

सप्तरी जिल्ला अदालत बार एकाईले आइतबार ६९ औं बार दिवसको अवसर पारेर रक्तदान कार्यक्रमको आयोजना गरेको छ । एकाईले अदालत परिसरमा रक्तदान कार्यक्रमको आयोजना गरेको हो ।

कार्यक्रममा तीन महिलासहित २५ जना कानुन व्यवसायीले रक्तदान गरेको सप्तरी जिल्ला बार एशोसिएशनका अध्यक्ष कामेश्वर प्रसाद यादवले जानकारी दिएका छन् । रक्त संकलन कार्यमा नेपाल रेडक्रस सोसाइटी शाखा सप्तरीद्वारा संचालित रक्तसंचार सेवा केन्द्रका प्राविधिकहरुले सहयोग गरेको उनले जानकारी दिए ।

रगतको अभावले कुनै पनि बिरामीले अनाहकमा ज्यान गुमाउन नपरोस भन्ने उद्देश्यले रक्तदान कार्यक्रम गरिएको अधिवक्ता डोमन साहको भनाई छ । अहिले रक्तसंचार सेवा केन्द्रमा रगतको अभाव रहेकाले रक्तदान कार्यक्रमले बिरामीलाइ राहत पुऱ्याउने केन्द्रका इन्चार्ज नवीन झाको भनाई छ ।

**जथाभावी औषधीको प्रयोग नगरौं**

जथाभावी औषधीको प्रयोगले स्वास्थ्यमा गम्भिर समस्या देखिन सक्छ। त्यसैले,

- मान्यताप्राप्त चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाहविना औषधी सेवन नगरौं,
- बिरामी हुँदा घरमा बाँकि रहेका पुराना औषधी नखाऔं,
- अरूलाई सञ्चो भयो भन्दैमा देखासिकी गरेर सोही औषधीको प्रयोग नगरौं,
- सामान्य स्वास्थ्य समस्यामा एन्टिबायटिकको सेवन नगरौं,
- एन्टिबायटिक चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह अनुसार पुरा मात्रामा सेवन गरौं,
- म्याद नाघेका औषधीलाई जथाभावी नफालौं,
- जनावर तथा पशुपन्छीहरूलाई छिटो हुर्काउन वा तौल बढाउन एन्टिबायोटिकको प्रयोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### हटिया व्यवस्थापनमा ढिलाई कीन !

सप्तरी सदरमुकाम राजविराजस्थित हटिया व्यवस्थापनमा ढिलाई भइरहेको छ । विगत पाँच वर्षदेखी निर्माणाधीन अवस्थामा रहेको हटियाको निर्माण कार्य अझै सम्पन्न हुन सकेको छैन् । नेपालकै उत्कृष्ट एवं व्यवस्थित हटियाको रुपमा परिचित यस हटियामा विगतमा नुनदेखी सुनसम्म पाइन्थयो । तर अहिले निर्माण कार्य भइरहेकोले त्यहा सम्पूर्ण पसलहरु तितरबित्तर भएको छ ।

दैनिक उपभोग्य बस्तुदेखी लिएर बालबच्चा, बृद्धबृद्धाको कपडा, पूजा सामाग्रि, जन्मदेखी मरनसम्ममा प्रयोग हुने सामाग्रिहरु लगायत पाइने यस हटियाको निर्माण कार्य सम्पन्न हुन नसक्दा ग्राहकहरु मर्कामा परेका छन् । भौतिक संरचना निर्माण गरि हाट बजार व्यवस्थित गर्ने उद्देश्यले सो कार्यको थालनी गरिएको हो । तर भौतिक संरचना जसरी निर्माण भइरहेको छ त्यहा हाट बजार भन्दा बढी किराना पसलहरु संचालनमा उपयुक्त हुन्छ । हाट बजारको अस्तित्व नै समाप्त पार्ने गरि निर्माण गरिएको भौतिक संरचना निर्माण कार्य सम्पन्न गर्ने समय भन्दा बढी भइसकेको छ ।

हटियाको अवस्था कहालि लाग्दो रहेपनि स्थानिय सरकार मुकदर्शक बनेको छ । तसर्थ भौतिक संरचना निर्माण कार्यलाई यथासिघ्र सम्पन्न गराउनेदेखी लिएर तरकारी बजारलाई व्यवस्थित गर्नेतर्फ स्थानीय सरकारको ध्यान पुग्नु अति आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# एनपिएल क्रिकेट : बिर्सिन नसकिने प्रतियोगिता

**राजु सिलवाल**
काठमाडौँ, ७ पुस (रासस) ।

क्रिकेटका लागि नेपाल उपयुक्त मुलुक भएको प्रमाणित गर्दै नेपाल प्रिमियर लिग ( एनपिएल) क्रिकेट सम्पन्न भएको छ । अन्तर्राष्ट्रिय टेलिभिजनहरुको प्रत्यक्ष प्रसारणमार्फत विश्वका क्रिकेटप्रेमीहरुले सुन्दर हिमश्रृखङ्ला, रमणीय प्राकृतिक एवं सांस्कृतिक स्थलहरुको दृश्यावलोकन गर्दै क्रिकेट खेल हेर्ने अवसर पाएका छन् । नेपालमा पहिलोपटक आयोजना गरिएको एनपिएल क्रिकेट हेर्नका लागि पहिलो दिनदेखि नै उपस्थित भएका अपार जन समूहको क्रिकेट 'क्रेज' देखेर विश्वका क्रिकेटप्रेमीहरु चकित परेका छन् । नेपाल र विश्वको विभिन्न देशका क्रिकेट स्टारहरु सम्मिलित आठ वटा नेपाली टिमबीच भएको रोमाञ्चकारी प्रतिस्पर्धाले बिर्सिन नसकिने प्रतियोगिताको रुपमा एनपिएललाई स्थापित गरिदिएको छ । नेपालमा व्यावसायिक खेलको विकासका लागि महत्वपूर्ण जग बसाउन एनपिएल सफल भएको मानिएको छ ।

**खेलमा भन्नै नसकिने**

एनपिएल क्रिकेट प्रतियोगिताको प्रारम्भदेखि नै सुदूरपश्चिम रोयल्स टिमले सशक्त रुपमा दाबेदारी प्रस्तुत गर्दै अङ्क तालिकामा अग्रता कायम गर्दै आइरहेको थियो । टाइगर उपनामले परिचित नेपाली राष्ट्रिय टिमका भरपर्दा खेलाडी दिपेन्द्रसिंह ऐरीको नेतृत्वमा सुदूरपश्चिम टिमले प्रत्येक म्याचमा बलिङ, ब्याटिङ तथा फिल्डिङ सबै क्षेत्रमा उत्कृष्ट प्रदर्शन गर्दै दर्शकहरुको मन जित्न सफल भएको थियो । विभिन्न देशका अन्तर्राष्ट्रिय खेलाडीहरुले पनि सुदूरपश्चिमको अग्रतालाई अगाडि बढाउन महत्वपूर्ण खेलेका थिए । यस्तै सुदूरपश्चिमको पहिलो खेलदेखि नै अत्यधिक खेलप्रेमीहरु पनि देउडा र स्थानीय भाखा गाउँदै टिमको समर्थनमा उर्लिएका थिए । तर फाइनलको दिन अपेक्षित प्रदर्शन हुन सकेन । सुदूरपश्चिमले ब्याटिङ राम्रो गरे पनि बलिङ राम्रो गर्न नसकेको स्वयं कप्तान ऐरीले स्वीकारेका छन् ।

एनपिएल क्रिकेट प्रतियोगिताको फाइनलमा जनकपुर बोल्टस टिमले सुदूरपश्चिम रोयल्स टिमलाई पाँच विकेटले पराजीत गरी उपाधि जित्न सफल भएको थियो । जनकपुर पनि प्रारम्भिक खेलदेखि नै सुदूरपश्चिमलाई अङ्क तालिकामा पछ्याउँदै थियो । एनपिएलको फाइनलमा जनकपुर र सुदूरपश्चिमबीच तेस्रो भिडन्त भएको थियो । जनकपुर यसअघि लिग र क्यालिफायर एकमा गरी दुईपटक सुदूरपश्चिम टिमसँग पराजीत भैसकेको थियो । पछिल्लो खेलमा सुदूरपश्चिमसँग आठ विकेटले पराजित भएको जनकपुरले फाइनलमा उच्च मनोबलका साथ प्रतिस्पर्धा गरेर उपाधि हात पार्न सफलता प्राप्त गरी विगतको पराजयको बदला लिन सफल भएको थियो । यसमा अतिथि खेलाडी लाहिरु मिलान्थाको सर्वाधिक ८७ रनको योगदान महत्वपूर्ण रह्यो । जनकपुर टिम लिग चरणमा पनि चितवन राइनोज टिमसँग पनि पराजित भएको थियो । तर पहिलो खेलमा नै विराटनगर किङ्सलाई आठ विकेटको अन्तरले पराजित गरी सशक्त उपस्थिति देखाएको जनकपुरले प्रतियोगिता अवधिभर कूल आठवटा जित हात पारेको थियो । फाइनलमा पराजित सुदूरपश्चिम टिमले भने फाइनलअघि एक खेलमा मात्र हार व्यहोरेको थियो । जितपछि प्रतिकृया दिँदै फाइनलमा जनकपुरका कप्तानको जिम्मेवारी सम्हालेका आशिफ शेखले जितको श्रेय आफ्नो टिमका सबै सदस्यहरुलाई दिने बताएका थिए ।

**सर्वाधिक रकमको प्रतियोगिता**

एनपिएल क्रिकेटका सहभागी आठ टिम खरिददेखि खेलाडी छनोट, प्रतियोगिता सञ्चालनसमेतका लागि विभिन्न व्यापारी र व्यापारिक प्रतिष्ठानले करोडौं रुपैयाँ लगानी गरेका थिए । पुरस्कारका लागि समेत करोडौं रुपैयाँ खर्च गरिएको छ । एनपिएल नेपालमा हालसम्म भएका खेलकुद प्रतियोगितामध्ये एनपिएल सर्वाधिक राशिको पुरस्कार भएको प्रतियोगिता बन्न सफल भएको छ ।

एनपिएलमा सर्वप्रथम भएको जनकपुर बोल्टस टिमले रु एक करोड १० लाख पुरस्कारसहित ट्रफी जितेको छ । यसैगरी दोस्रो हुने सुदूरपश्चिम रोयल्सले रु ५१ लाख पुरस्कार पाएको थियो । प्रतियोगितामा तेस्रो हुने कर्णाली याक्सले रु २५ लाख तथा चौंथो भएको चितवन राइनोजले रु १५ लाख पुरस्कार पाएको छ । यो प्रतियोगिताले खेलाडीलाई कार चढने अवसर प्रदान गरेको छ । प्रतियोगिताको उत्कृष्ठ खेलाडी घोषित भएका सुदूरपश्चिम टिमका कप्तान दिपेन्द्रसिंह ऐरीले करिब रु ६२ लाख मूल्य पर्ने चाइनिज कार पुरस्कार विजेता बनेका छन् । उनले प्रतियोगितामा अब्बल कप्तानको भूमिका निभाउँदै आफूले पनि कूल २२७ रन तथा नौ विकेट लिएका थिए । प्रतियोगिता अवधिभर कूल १७ विकेट लिन सफल ललित राजवंशीले उत्कृष्ट बलर पुरस्कार बापत मोटरबाइक हात पारेका छन् । यसबाहेक विभिन्न नेपाली तथा अतिथि खेलाडीहरुले नगद पुरस्कार प्राप्त गरेका थिए ।

**'म्याच फिक्सिङ' टर्‍यो**

विभिन्न मुलुकमा बेलाबखत भएका क्रिकेट प्रतियोगितामा 'म्याच फिक्सिङ' भएको सुनिने गरिएको छ । यसपालि एनपिएलमा पनि मिलेमतोमा खेलेर 'म्याच फिक्सिङ' होला कि भनेर उच्च सतर्कता अपनाइएको थियो । यसका लागि सुरक्षा अधिकारीहरुलाई नै जिम्मा दिइएको थियो । शुरुमा सट्टेबाजीको आरोपमा केही व्यक्ति पक्राउ परेता पनि खेल क्रमिक रुपमा अघि बढ्दै जाँदा सुरक्षा सतर्कताको कारण त्यस्ता समस्या पुनः देखिएनन् ।

यसैगरी प्रतियोगिताको सहभागी आटवटै टिममा पनि सुरक्षा अधिकारीहरुलाई पनि सतर्कता गराइएको थियो । यस्तो अवस्था आएको भने अन्तर्राष्ट्रिय जगतमा मुलुककै बदनामी हुन सक्थ्यो । तर सहज रुपमै प्रतियोगिता सम्पन्न भएपछि आयोजकहरु ढुक्क भएका छन् । यस्तै प्रतियोगिता अवधिभरको सुरक्षा पनि सहज बनाउनु सम्बन्धित अधिकारीहरुको चुनौती रहेको थियो । एनपिएल प्रारम्भ भएको बेला टिकट किनेकाहरुले समेत रङ्गशालाभित्र प्रवेश नपाएर समस्या बनेको थियो । रङ्गशालाभित्र प्रवेश गर्नेक्रममा भएको हुलदंगामा किचिएर केही व्यक्ति घाइते समेत भएका थिए तर दिनहुँ खेलमा दर्शकहरुको उल्लेखनीय उपस्थिति भएता पनि पछि त्यस्ता समस्या दोहरिएन । फाइनलको सम्पूर्ण टिकट केही दिनअघि नै सकिए पनि सुरक्षाको दृष्टिले गम्भीर समस्या आइपरेन ।

**शालीन दर्शक**

एनपिएल क्रिकेटको शुरुदेखि अन्त्य सम्मका खेलहरुमा दर्शकहरुको उपस्थिति उल्लेख्य रह्यो । हाल जाडोको याममा पनि बिहान सबेरैदेखि दर्शकहरु कीर्तिपुर पुगेका थिए । विदाको दिनबाहेकका खेलहरुमा पनि दर्शकहरुको सहभागिता उल्लेख्य रहेको थियो । खेल हेर्न मानिसहरु नेपालका विभिन्न स्थानबाट समेत आएका थिए । चौरमा बसेर क्रिकेट हेर्न पनि दर्शकहरुले टिकट काटेका थिए ।

खेल अवधिभर दर्शकहरुले विभिन्न गीत गाएर, नाचेर खेलाडीहरुलाई उत्साहित बनाएका थिए । अझ फाइनलको दिन दशौं हजार दर्शकहरु उपस्थित भएता पनि कुनै अप्रिय घटना घटेन । जनकपुरले विजय हासिल गरेपछि गरिएको आतासबाजीको बेला दर्शकहरुले नाचगान गरी रमाइलो गरेका थिए । जनकपुर टिमका अमेरिकी ब्याटर लाहिरु मिलान्थाले सर्वाधिक २९३ रन बनाएबापत प्राप्त गरेको पुरस्कार दर्शकहरुलाई समर्पित गरेका थिए ।

**कमेण्टेटर एन्ड्रको नेपाली मोह**

अन्तर्राष्ट्रिय क्रिकेट कमेण्टेटर एन्ड्र लियोनार्ड एनपिएलको फाइनलको पुरस्कार वितरणका बेला नेपाली पोशाक लगाएर उदघोषण गर्दै थिए । उनले यसअघि पनि अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपाली पोशाकमै प्रत्यक्ष प्रशारण गरिसकेका छन् । उनले विश्व चर्चित क्रिकेट स्टार ब्रायन लारालाई प्रत्यक्ष प्रशारणकै बेला नेपालको ढाका टोपी उपहार दिदैं दाइ भनी संवोधन गरेका थिए । उनी नेपालका शुभचिन्तक मानिन्छन् । उनले हरेक पटकको क्रिकेटमा नेपालको खेलको प्रत्यक्ष प्रसारण गर्दा विश्व मानचित्रमा नेपाललाई चिनाउने गरेका छन् । उनलाई यसपालि प्रधानमन्त्री केपी शर्मा ओलीले सम्मानीत गर्नु भएको थियो । एनपिएलको ३२ वटै म्याचका सिलसिलामा एन्ड्रुलगायत अन्य अन्तर्राष्ट्रिय कमेण्टेटरहरुले नेपालको प्रबर्द्धन गर्न योगदान गरेका छन् । सबैजसो कमेण्टेटरले शुरुमा नेपाली भाषामा उद्घोषण गरेर नेपाली दर्शकहरुको मन जितेका थिए ।

**प्रधानमन्त्री ओलीको प्रतिबद्धता**

एनपिएल क्रिकेट हेर्न कीर्तिपुर रङ्गशालामा हजारौं मानिसको भिड लागेता पनि त्यहाँको भौतिक अवस्था सन्तोषजनक बनाउन सकिएको छैन । टिकट काटेर गएका दर्शकलाई बस्नका लागि उपयुक्त सिटको समेत व्यवस्था गर्न सकिएको छैन । यसबारे प्रधानमन्त्री केपी शर्मा ओलीले चासो व्यक्त गर्नु भएको छ । कीर्तिपुर क्रिकेट रङ्गशालामा अन्तर्राष्ट्रिय स्तरको प्यारापिट निर्माण र फ्लडलाइट जडान कार्य तीन सिफ्टमा फटाफट काम गरेर निर्धारित समयमै सम्पन्न गर्न जोड दिनुभएको छ । उहाँले काम छिटो सक्न र आवश्यक सुझाव तथा खबरदारी गर्न सबैलाई अनुरोध गर्नु भएको छ ।

मन्त्रिपरिषद्को पहिलो बैठकले कीर्तिपुरको क्रिकेट रङ्गशालाको प्यारापिट निर्माण र फ्लडलाइट जडान गर्ने निर्णय गरेको थियो । तर एनपिएलका बेला यो सम्भव हुन सकेन । प्रधानमन्त्री ओलीले नेपाल क्रिकेट सङ्घ (क्यान) का पदाधिकारीसहित क्रिकेट खेलाडीहरूलाई बालुवाटारमै बोलाएर यसबारे छलफल पनि गर्नुभएको थियो । त्यसबेला विश्वस्तरीय रङ्गशाला नेपालमा आवश्यकता भएको कुरा उठेको थियो ।

क्यानका पदाधिकारीहरुले बरु अलि समय दिएरै विश्वस्तरको रङ्गशालाको राम्रो डिजाइन गरौं, हतार नगरौं भन्ने सल्लाह दिनुभएको थियो । तर जग्गा प्राप्तिलगायत झन्झटिलो प्राविधिक प्रक्रियाले बढी समय लाग्ने नै भयो । यसबाट प्रारम्भिक प्राविधिक डिजाइन तय गर्ने काममा केही ढिलाइ हुन पुग्यो । गत शुक्रबारको कीर्तिपुरमा प्याराफिट निर्माण तथा फ्लडलाइट जडानका लागि बोलपत्र आह्वान भएको थियो । क्यानका सचिव पारस खडकाले आगामी वर्षको एनपिएल क्रिकेट प्रतियोगिता फ्लडलाइटमा राति पनि सञ्चालन गर्न सकिने अपेक्षा गर्नु भएको छ । क्रिकेट रङ्गशालालाई विश्वस्तरको बनाउने योजना त्यसपछि पनि जारी रहने प्रधानमन्त्री ओलीले प्रतिवद्धता व्यक्त गर्नु भएको

*बाँकी तीन पृष्ठमा*

# पाँच महिनामा १३ अर्ब चार करोडको विद्युत् निर्यात

काठमाडौँ, ७ पुस (रासस)।

नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो पाँच महिनामा रु १३ अर्ब चार करोड बराबरको विद्युत् भारत निर्यात गरेको छ। प्राधिकरणले चालु आवको साउन, भदौ, असोज, कात्तिक र मङ्सिरमा देशभित्र खपत गरी अतिरिक्त भएको एक अर्ब ७६ करोड युनिट विद्युत् भारततर्फ निर्यात गरेको छ। चार महिनामा भारततर्फ निर्यात गरिएको विद्युत्को औसत दर प्रतियुनिट सात रुपैयाँ ३९ पैसा छ।

प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारतीय ऊर्जा एक्सचेन्ज (आइइएक्स)को 'डे अहेड' तथा 'रियल टाइम मार्केट'मा प्रतिस्पर्धी दरमा र द्विपक्षीय मध्यकालीन विद्युत् बिक्री सम्झौताबमोजिम हरियाणा र बिहार राज्यमा बिक्री गरिरहेको छ। भारतसँगको विद्युत् व्यापार भारतीय रुपैयाँ (भारु) मा हुने गरेको छ। त्यसैले प्राधिकरणले विद्युत् बिक्री गरी भारु आठ अर्ब १५ करोड आम्दानी गरेको छ।

साउनमा सबैभन्दा बढी रु चार अर्ब १५ करोडको विद्युत् निर्यात भएको थियो भने मङ्सिरमा सबैभन्दा कम रु २८ करोड १४ लाखको मात्र निर्यात भएको छ। भदौमा रु तीन अर्ब ६८ करोड, असोजमा रु तीन अर्ब सात करोड र कात्तिकमा रु एक अर्ब ८७ करोड बराबरको विद्युत् भारततर्फ निर्यात गरिएको थियो।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले असोजमा आएको बाढीपहिराका कारण मुख्य रूपमा चार सय ५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत् केन्द्रमा क्षति पुगी विद्युत् उत्पादन बन्द हुँदा निर्यात प्रभावित भएको जानकारी दिनुभयो। माथिल्लो तामाकोशी बन्द भएका कारण त्यसपछिका महिनाहरूमा विद्युत् निर्यात घटेको र सुक्खायाम सुरु भएसँगै जलविद्युत् आयोजनाको उत्पादन घटेकाले पोहोरभन्दा यस वर्ष चाँडै आयात गर्नुपरेको कार्यकारी निर्देशक घिसिङले उल्लेख गर्नुभयो।

अहिले विद्युत् निर्यात बन्द भएको छ भने आयात सुरु गरिएको छ। नदी तथा खोलानालामा पानीको बहाव बढ्न सुरु भएपछि उत्पादन बढ्ने हुँदा त्यसपछि विद्युत् निर्यात पुनः सुरु हुनेछ। यस वर्षदेखि ४० मेगावाट विद्युत् भारत हुँदै बङ्गलादेश निर्यात पनि सुरु भइसकेको छ।

चालु आवमा करिब रु ३० अर्बको विद्युत् निर्यातको लक्ष्य राखिएको छ। बाढीपहिरोका कारण जलविद्युत् आयोजना र प्रसारण लाइनमा क्षति पुग्दा निर्यात लक्ष्य प्रभावित हुने देखिएको छ। बाढीपहिरोले माथिल्लो तामाकोशीसहित अन्य साना जलविद्युत् आयोजना र काबेली करिडोर प्रसारण लाइनमा क्षति पुर्‍याएको थियो। माईखोलामा आएको बाढीले काबेली करिडोरमा क्षति पुर्‍याउँदा उक्त लाइनमा जोडिएका विभिन्न आयोजनाका करिब दुई सय मेगावाट विद्युत् उत्पादन बन्द भएको थियो। यसका कारण कारण असोज र कात्तिकको विद्युत् निर्यात प्रभावित भएको थियो।

माथिल्लो तामाकोशी यही पुस १० गतेभित्र सञ्चालनमा ल्याउने गरी मर्मतसम्भार धमाधम भइरहेको छ भने काबेली करिडोर प्रसारण लाइनको पुनर्निर्माण सम्पन्न गरी सञ्चालनमा आइसकेको छ। हिउँद सुरु भएसँगै नदी तथा खोलानालामा पानीको बहाव घट्ने भएकाले जलविद्युत् आयोजनाहरूको विद्युत् उत्पादन कम हुनेछ। उत्पादनले आन्तरिक मागलाई मात्र धान्ने भएकाले अब विद्युत् निर्यात क्रमशः घट्दै जाने छ। प्राधिकरणले हालसम्म प्रतिस्पर्धी बजार र मध्यकालीन विद्युत् बिक्री सम्झौताबमोजिम भारतीय बजारमा विभिन्न २८ आयोजनाबाट उत्पादित नौ सय ४१ मेगावाट विद्युत् बिक्री गर्न स्वीकृति पाएको छ।

गत आवमा भारतबाट रु १६ अर्ब ९३ करोडको विद्युत् आयात गरिएको थियो। सो अवधिमा रु १७ अर्ब ६ करोडको विद्युत् निर्यात गरिएको थियो। गत आवमा आयातभन्दा रु १३ करोड बढीको विद्युत् निर्यात गरी खुद विद्युत् आयातकर्ताबाट नेपाल खुद विद्युत् निर्यातकर्ता बनेको थियो।

# जनकपुर बोल्ट्सलाई प्रधानमन्त्रीको सम्मान

काठमाडौँ, ७ पुस (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल प्रिमियर लिग (एनपिएल)को पहिलो संस्करणको उपाधि विजेता जनकपुर बोल्ट्सका खेलाडी तथा व्यवस्थापकलगायतलाई बधाईसहित सम्मान गर्नुभएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार भएको कार्यक्रममा प्रधानमन्त्री ओलीले उत्कृष्ट प्रदर्शनका साथ नेपाली क्रिकेटको स्तर उकास्न भूमिका निर्वाह गर्ने उक्त टोलीका खेलाडी, नेपाल क्रिकेट सङ्घका पदाधिकारी र व्यवस्थापकलाई बधाई दिनुभएको हो।

शनिबार कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा भएको खेलमा जनकपुर बोल्ट्सले सुदूरपश्चिम रोयल्सलाई पराजित गर्दै उपाधि हात पारेको थियो। प्रधानमन्त्री ओलीले आगामी दिनमा अझ ठूलो सफलता हासिल गर्न शुभकामना दिँदै विश्वमा ख्यातिप्राप्त ब्याटर नेपाली पनि हुनसक्छन् भन्ने देखाउने गरी आत्मबल, सीप र उत्साह कायम गर्न सकुन भन्ने कामना पनि गर्नुभयो।

"यो सम्पूर्ण नेपालीको जित हो, नेपाली क्रिकेटको जित हो, प्रतियोगितामार्फत तपाईंहरुको असाधारण क्षमता देखिएको छ। उपविजेता सुदूरपश्चिम रोयल्सले पनि राम्रो प्रदर्शन गर्‍यो, कठोर चुनौतीको सामना गर्दै जित हासिल गर्ने जनकपुर बोल्ट्सका खेलाडीहरु बधाईका पात्र हुनुहुन्छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "आगामी दिनमा अझ ठूला सफलता हासिल गर्नका लागि म शुभकामना दिन्छु।"

आफू प्रधानमन्त्री भएपछि कीर्तिपुरस्थित क्रिकेट मैदानको स्तरोन्नतिसम्बन्धी पहिलो निर्णय गरेको उल्लेख गर्दै उहाँले यसका लागि बोलपत्र आह्वान भइसकेको बताउनुभयो। उहाँले नेपालको खेल क्षेत्रको विकासका लागि आफ्नो र सरकारको प्रयास निरन्तर हुने बताउनुभयो।

त्यस अवसरमा नेपाल क्रिकेट सङ्घ र खेल व्यवस्थापकहरुले नेपालमा विदेशी खेलाडी ल्याउन र खेल क्षेत्रमा विदेशी लगानी वा सहयोग ल्याउने प्रक्रिया झन्झटिलो भएको गुनासो गरेका थिए। जवाफमा प्रधानमन्त्री ओलीले त्यस्तो खालको अवस्था हुन नहुने र सरकारले आवश्यक सहजीकरण गर्ने प्रतिबद्धता जनाउनुभयो।

सङ्घका अध्यक्ष चतुरबहादुर चन्दले सरकारले क्रिकेट खेललाई प्राथमिकतामा राखेकामा धन्यवाद दिँदै विदेशका राम्रा खेलाडीको श्रम स्वीकृतिसम्बन्धी झन्झटिलो प्रक्रिया अन्त्य गराउन आग्रह गर्नुभयो। जनकपुर बोल्ट्सका कप्तान आशिफ शेखले प्रधानमन्त्री ओलीसँग भेटेर बधाई र सम्मान पाउँदा आफूहरुलाई खुसी भएको प्रतिक्रिया दिनुभयो।

***एनपिएल क्रिकेट ...***

छ। खेल समापनका अवसरमा नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा(माओवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'लगायत विभिन्न राजनीतिक दलका नेता कार्यकर्ताहरुको उपसस्थिति रहेको थियो।

**अन्तमा**

एनपिएल क्रिकेट प्रतियोगिताको पहिलो संस्करणले नेपाली खेलाडीहरुलाई एउटै प्रतियोगिता खेलेबापत २० लाख रुपैयाँसम्म पारिश्रमिक पाउने हैसियत बनाएको छ, त्यो अत्यन्त प्रशंशनीय छ। आगामी दिनमा उनीहरुको आयस्तर अझ बढाउँदै लैजानु पर्दछ। एनपिएल क्रिकेटले खेलाडी, खेलप्रेमी दर्शकहरुका साथै क्रिकेटमा लगानी गरेका व्यापारीहरुको समेत उत्साह बढाएको छ। यसलाई अझ स्तरीय बनाउँदै बिर्सिन नसकिने प्रतियोगिताको रुपमा निरन्तरता दिइनुपर्छ। त्यसका लागि अझ स्तरीय खेलाडीहरुलाई टिममा भित्र्याउन टिमहरुले विशेष ध्यान दिनुपर्दछ। खेलाडी अक्सनका बेला देखाइएको सुझबुझको आधारमा नै यसपालि विभिन्न टिमले सफलता पाएको देखिएको छ। आगामी दिनमा खेलाडीहरुको अझ उत्कृष्ट प्रदर्शका लागि लगानीकर्ताहरुलाई पनि उत्साहित बनाउन क्यानले बढी जोड दिनु पर्दछ। लगानीकर्ताले पनि आगामी केही प्रतियोगितासम्म नाफाको अपेक्षा गरिनु हुन्न। यस्ता प्रतियोगितालाई राजधानी काठमाडौंमा मात्र केन्द्रित नगरी अन्य जिल्लामा पनि सञ्चालनका लागि सम्बन्धित सबैले सक्रियता जनाउनुपर्ने आवश्यकता महसुस गरिएको छ।

# निजामति ऐनमा 'लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक' सवाललाई समावेश गर्नुपर्ने माग

काठमाडौँ, ७ पुस (रासस)।

सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा 'लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक' समुदायलाई पनि समावेश गर्नुपर्ने माग गरिएको छ।

प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिले आइतबार यहाँ आयोजना गरेको 'लैङ्गिक अल्पसङ्ख्यक समुदायको पहिचान (तेस्रो लिङ्गी, ट्रान्सजेन्डर, पारलिङ्गी) अधिकार र समावेशिकरण' विषयक छलफलमा सहभागी सो समुदायका अधिकारकर्मीले निजामती सेवामा प्रवेशका लागि यस्तो व्यवस्था गरिनुपर्ने गर्नुपर्ने माग गरेका हुन्।

राज्यव्यवस्था तथा सुशासन समितिअन्तर्गतको उपसमितिबाट पास भएको सो विधेयक हाल छलफलकै क्रममा रहेको छ। सभासद् सुनिलबाबु पन्तले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका व्यक्तिले पनि निर्वाचनमा उम्मेदवार हुन पाउनुपर्ने र संसद्मा उनीहरुको प्रतिनिधित्व सुनिश्चित गर्नका लागि साविकको निर्वाचनसम्बन्धी कानुनमा परिमार्जन गरिनुपर्नेमा जोड दिनुभयो।

तेस्रो लिङ्गी (महिला) दीपक महर्जनले आफूहरूले नागरिकता नपाउँदा रोजगारी, शिक्षा र स्वास्थ्य उपचारलगायत सबै क्षेत्रको अधिकारबाट बञ्चित हुनु परेको भन्दै पहिचान खुल्ने गरी सहज रुपमा नागरिकता पाउनुपर्ने माग गर्नुभयो। तेस्रो लिङ्गी (पुरुष) मधु केसीले राज्यले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायलाई रोजगारीको व्यवस्था गर्नुपर्ने माग गर्नुभयो।

छलफलमा सांसद हर्कमाया विश्वकर्मा, रोशन कार्की, कल्पना मियाँ कुमारी, शान्ति श्रेष्ठ, शोभा ज्ञवाली, सीताकुमारी राना, सुशीला श्रीपाली ठकुरी, आशा विक र लक्ष्मी तिवारीले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको नागरिकतासँगै समावेशीता, रोजगारी, शिक्षा र स्वास्थ्यलगायतका विषयमा गम्भीरतापूर्वक छलफल गरी त्यसको सुनिश्चितता गर्नुपर्नेमा जोड दिनुभयो।

## विश्व समाचार

### भारतमा बालविवाहका घटनामा पाँच हजार भन्दा बढी पक्राउ

गुवाहटी, भारत, ७ पुस (रासस/एएफपी)।

भारतको उत्तरपूर्वी क्षेत्रमा अवैध बालविवाहविरुद्ध गरिएको कारबाहीका कारण करिब पाँच हजार व्यक्ति पक्राउ परेका आसाम राज्यका अधिकारीले आइतबार बताएका छन्।

बालविवाहविरूद्धको अभियानको तेस्रो चरण डिसेम्बर २१ र २२ मा मात्र ४१६ जनालाई पक्राउ गरिएको भारतीय समाचार संस्था एएनआइले जनाएको छ। बालविवाहको आरोपमा यो वर्ष अहिलेसम्म कूल पाँच हजार व्यक्ति पक्राउ परेका छन्।

आसाम राज्यका मुख्यमन्त्री हिमन्त बिस्वा शर्माले एक विज्ञप्ति जारी गरी भन्नुभएको छ, "हामी यस सामाजिक कुरीतिको अन्त्यका लागि साहसिक कदम चाल्नेछौं।"

"आसामले बालविवाहविरुद्धको लडाइँ जारी राखेको छ", उहाँले भन्नुभयो, "रातभर छापा मारिएको छ र पक्राउ परेकालाई आइतबार अदालतमा पेश गरिनेछ।"

संयुक्त राष्ट्रसङ्घका अनुसार भारतमा २२ करोडभन्दा बढी बालदुलही छन् तर यो शताब्दीमा बालविवाहको सङ्ख्यामा नाटकीय रुपमा कमी आएको छ।

आसाम राज्यले सन् २०२३ को फेब्रुअरीमा सुरु भएको उन्मूलन अभियानका क्रममा विवाहित दम्पतीका अभिभावक र कम उमेरका वैवाहिक बन्धनमा बाँधिएका रजिष्ट्रारसहित हजारौंलाई पक्राउ गरिसकेको छ।

यो सँगै अहिले पक्राउ पर्नेको सङ्ख्या चार हजार भन्दा बढी पुगेको छ। शर्माले सन् २०२६ सम्ममा आफ्नो राज्यमा बालविवाहलाई पूर्णरूपमा अन्त्य गर्ने अभियान चलाउनुभएको छ।

भारतमा कानुनीरूपमा विवाहको लागि उमेर १८ बर्ष तोकिएको छ तर विशेष गरी गरीब ग्रामीण क्षेत्रहरूमा लाखौं बच्चाहरु बालविवाहको बन्धनमा बाँधिन बाध्य छन्। थुप्रै आमाबाबुले आफ्नो आर्थिक सुरक्षा सुधार्ने आशामा आफ्ना छोराछोरीको विवाह गर्छन्।

बालविवाहको कारण भारतीय समाजमा विवाहित किशोरीहरूले खाना पकाउने र अन्य घरायसी धन्दाका लागि विद्यालय जान छोड्ने गरेका पाइन्छ। विवाहपछि सानै उमेरमा बच्चा जन्माउँदा उनीहरूले स्वास्थ्य समस्याहरू पनि भोग्नुपर्छ।

सन् २०१७ को ऐतिहासिक फैसलामा भारतको सर्वोच्च अदालतले कम उमेरकी किशोरीसँग यौन सम्बन्ध राख्नु बलात्कार भएको बताएको थियो।

### पूर्वी युक्रेनका थप दुई गाउँ कब्जामा लिएको रूसको दाबी

मस्को, ७ पुस (रासस/एएफपी)।

रूसले आइतबार पूर्वी युक्रेनका थप दुई गाउँ कब्जामा लिएको जनाएको छ। रक्षा मन्त्रालयले टेलिग्राममार्फत् जारी एक विज्ञप्तिमा भनिएको छ, "रूसी सेनाले उत्तरपूर्वी खार्किभ क्षेत्रको लोजोभा र युक्रेनको सोन्त्सिभका भनिने कास्नोय गाउँलाई 'मुक्त' गरेको छ।

क्रास्नोय कुराखोभको संसाधन क्षेत्रको नजिकमा रहेको छ। रूसले लगभग खार्किभको सबै भागलाई घेरेको छ र यो सम्पूर्ण डोनेट्स्क क्षेत्र कब्जा गर्ने मस्कोको प्रयासको लागि प्रमुख उपलब्धी हुनेछ।

आगामी जनवरीमा अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्प सत्तामा आउनुअघि नै रुसले पूर्वी युक्रेनमा आफ्नो प्रगति तीव्र बनाएको छ।

रिपब्लिकन पार्टीले युद्धविराम वा शान्ति सम्झौताका लागि कुनै ठोस शर्त प्रस्ताव नगरी करिब तीन वर्षदेखि जारी द्वन्द्वको शीघ्र अन्त्य गर्ने वाचा गरेको छ।

मस्कोको सेनाले यस वर्ष १९० भन्दा बढी युक्रेनी बस्तीहरू कब्जा गरेको दाबी गरेको छ। किएभले जनशक्ति र गोलाबारुदको अभावबीच आफ्नो गुमेको भूभाग फिर्ता लिने कठिन यात्राको सामना गरिरहेको छ।

### इरानी प्राविधिकको समर्थनमा तेहरानद्वारा अमेरिकाको विरोध

तेहरान, ७ पुस (रासस/एएफपी)।

संवेदनशील अमेरिकी प्रविधि इरानलाई हस्तान्तरण गरेको आरोपमा इटाली र संयुक्त राज्य अमेरिकामा दुई जना इरानी नागरिकलाई पक्राउ गरिएकोमा तेहरानले औपचारिक रूपमा विरोध जनाएको छ।

अमेरिकी अभियोजनकर्ताले मेहदी मोहम्मद साडेघी र मोहम्मद अबेदिनिनाजाफाबादीलाई अमेरिकी निर्यात नियन्त्रण र प्रतिबन्ध कानूनको उल्लङ्घन गर्दै संयुक्त राज्य अमेरिकाबाट इरानमा अत्याधुनिक इलेक्ट्रोनिक उपकरणहरू निर्यात गर्ने षडयन्त्र गरेको आरोप लगाएका छन्।

अवैध रूपमा निर्यात गरिएको यो प्रविधि जनवरीमा जोर्डनमा भएको ड्रोन आक्रमणमा प्रयोग गरिएको थियो जसमा तीन अमेरिकी सैनिकको मृत्यु भएको थियो। इरानले उक्त आक्रमणमा आफ्नो संलग्नता अस्वीकार गर्दै उक्त दाबीलाई 'आधारहीन आरोप' भन्दै खण्डन गरेको छ।

विदेश मन्त्रालयका अधिकारी वाहिद जलालजादेहले भन्नुभयो, "इरानविरुद्ध अमेरिकाले लगाएको क्रूर र एकपक्षीय प्रतिबन्ध र गिरफ्तारी सबै अन्तर्राष्ट्रिय कानून र मापदण्डविपरीत छ।"

उहाँले भन्नुभयो, "मन्त्रालयले तेहरानमा अमेरिकी हितको प्रतिनिधित्व गर्ने इटालियाली कार्यवाहक राजदूत र तेहरानका लागि स्विस राजदूतलाई सोधपुछका लागि बोलाएको छ।"

संयुक्त राज्य अमेरिकाको अनुरोधमा इटालियाली अधिकारीहरूले ३८ वर्षीय अबेदिनिनाजाफाबादीलाई सोमबार इटालीमा पक्राउ गरेको अमेरिकी न्याय मन्त्रालयले जनाएको छ। अमेरिकामा पक्राउ परेका ४२ वर्षीय अमेरिकी-इरानी नागरिक साडेघी भएको पहिचान गरिएको छ।

# मधेश प्रदेशसभा सदस्य साह भारतमा सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, ७ पुस ।**
मधेश प्रदेश सभा सदस्य किरणकुमारी साह भारतमा सम्मानित भएकी छिन् । भारतको मध्य प्रदेशस्थित भोपाल सहरमा आइतबार आयोजित "तैलिक साहु युवक-युवती परिचय अन्तराष्ट्रिय सम्मेलन" मा सप्तरीको राजविराज निवासी साहलाई सम्मान गरिएको हो ।

राजनीतिक र सामाजिक योगदान तथा विद्वताको आधारमा गरिएको सम्मान कार्यक्रममा एक दर्जन भारतीय नागरिक समेत सम्मानित भएका छन् ।

साहसहित १३ जनालाई भारतको केन्द्रिय आवास एवं सहरी राज्य मन्त्री तोखनजी साहु र तैलिक साहु सभाका राष्ट्रिय अध्यक्ष जयदत्त क्षिरसागर साहुले क्रमश पाग र प्रशंसापत्रबाट सम्मानित गरेका छन् । सम्मानित साह जनता समाजवादी पार्टी नेपालबाट मधेश प्रदेशका सभासदस्य हुन् ।

# क्रिकेट मैदान बाहिर एक युवकमाथि भएको कुटपिट घटनाबारे प्रहरीले छानबिन थाल्यो

**दैनिक समाचारदाता**
**राजविराज, ७ पुस ।**
नेपाल प्रिमियर लिग (एनपीएल)मा जनकपुर बोल्ट्स र सुदूरपश्चिम रोयल्सबीच भएको फाइल खेल सकिएपछि त्रिवि क्रिकेट मैदान बाहिर एक युवकमाथि भएको कुटपिट घटनाबारे प्रहरीले छानबिन थालेको छ ।

शनिबार त्रिभुवन विश्वविद्यालयको गेट नजिकै एक समूहले सर्लाहीको बलरा घर भएका अमनकुमार सिंहलाई कुटपिट गरेको घटनाबारे अनुसन्धान थालिएको काठमाडौं प्रहरी परिसरका प्रमुख एसपी नवराज अधिकरीले बताए ।

उनले अनलाइनखबरसँग भने, 'त्रिविको गेट नजिकै एक युवामाथि कुटपिट भएको घटनाबारे अनुसन्धान थालेका छौं।यसबारेमा हामी छानबिन गरिरहेका छौं।'उनका अनुसार कुटपिटबाट घाइते भएका युवको दुवै हात र शरीरको विभिन्न भागमा चोट लागेको छ ।

मैदानमा गेम सकिएलगत्तै जनकपुर बोल्ट्सका समर्थक रहेका उनीमाथि अन्य टिमका समर्थकले सांघातिक आक्रमण गरेको आरोप छ ।

साथै अन्य टिमका समर्थकले उनलाई जनकपुर बोल्ट्सका 'मधेशी' समर्थक भनेर नश्लीय साम्प्रदायिक व्यवहार गरेको आरोप छ । दरबार हाइस्कुलमा १२ कक्षामा अध्ययनरत उक्त युवकको वीर अस्पतालमा उपचार भइरहेको छ ।

यता, अन्य समर्थकको भिडले कुटपिट र लछारपछारका कारण युवकको दुवै हात भाँचिएको भनेर मधेशी आयोगमा उजुरी समेत परेको छ ।उजुरीपछि मधेशी आयोगले घटनालाई छानबिन गर्न प्रहरी प्रधान कार्यालयलाई पत्राचार गरिएको मधेशी आयोगका कार्यवाहक अध्यक्ष जिवछ साहले बताए ।

उनले भने, 'जनकपुर बोल्ट्सका समर्थकप्रति केही व्यक्ति र समूहबाट भएको नश्लीय र साम्प्रदायिक व्यवहार निकै दुःख लाग्ने खालको छ, सरकारले यसमा तुरुन्तै कारबाही अगाडी बढाओस् ।' साथै उनले कुटपिटमा संलग्नलाई तत्काल कारबाही गर्न माग गरेका छन् ।

# एनपिएलले नेपालमा क्रिकेटको व्यावसायिक सम्भावना बढाएको छ : मुख्यमन्त्री सिंह

जनकपुर, ७ पुस (रासस) ।
मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले नेपाल प्रिमियर लिग (एनपिएल)ले नेपालमा क्रिकेटको व्यावसायिक सम्भावना बढाएको बताउनुभएको छ । उहाँले यस्ता प्रतियोगिताबाट खेल पर्यटनलाई बढावा दिने आधार तयार भएको उल्लेख गर्नुभएको छ ।

एनपिएलमा जनकपुर बोल्टसले जित हासिल गरेपछि प्रतिक्रिया दिँदै मुख्यमन्त्री सिंहले एनपिएलले अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि नेपालका खेलाडी थप तयार छन् भन्ने सन्देश संसारसामु पुगेको बताउनुभयो । खेलले एकता, सद्भाव र सहिष्णुताको भावना विकसित गर्ने गरेको उल्लेख गर्दै उहाँले एनपिएल र यस्ता प्रतियोगिताले नेपाली क्रिकेटलाई अब्बल स्तरलाई दर्शाएको उल्लेख गर्नुभयो ।

एनपिएलको अन्तिम तथा निर्णायक खेलमा जनकपुर बोल्ट्सको जितले प्रदेशका खेलाडीहरूको आत्मबल, प्रतिष्ठा तथा उत्साहमा वृद्धि भएको मुख्यमन्त्री सिंहको भनाइ थियो । उहाँले प्रदेशको धार्मिक तथा सांस्कृतिक सहर जनकपुरधामसँग जोडिएको नाम र प्रदेशवासीकै भाव बनेको जनकपुर बोल्ट्स विजयी हुँदा मधेश प्रदेशका बासिन्दामा रहेको खेलप्रतिको निष्ठा अभिव्यक्त भएको बताउनुभयो ।

मुख्यमन्त्री सिंहले प्रतियोगिता अवधिभर जनकपुर बोल्टसले गरेको उत्कृष्ट र आनन्दायक प्रदर्शनबाट प्रदेशवासीमा अन्तिम खेलसमेत जित्ने विश्वास पलाएको र टोली आफ्नो कुशल रणनीति, उच्च मनोबल र धीरतापूर्ण खेलबाट प्रदेशवासीको भरोसामा खरो उत्रेको उल्लेख गर्नुभयो । मुख्यमन्त्री सिंह जनकपुर बोल्टसको हौसला बढाउन आइतबार काठमाडौँस्थित त्रिवि क्रिकेट मैदानमै पुग्नुभएको थियो । मधेश प्रदेशको खेलकुद क्षेत्रको समग्र विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको मुख्यमन्त्री सिंहले बताउनुभयो ।

# सिरहामा एकवर्षमा मानवअधिकार उल्लङ्घनका अठासी घटना

सिरहा, ७ पुस (रासस) ।
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले जिल्लामा सन् २०२४ मा ८८ वटा मानवअधिकार उल्लङ्घनका घटना घटेको जनाएको छ । 'मानवअधिकार वर्ष पुस्तक सन्-२०२५'को समीक्षा कार्यक्रममा शनिबार इन्सेकले गैरराज्य पक्षबाट ८७ र राज्यपक्षबाट एउटा मानवअधिकार उल्लङ्घनको घटना घटेको जानकारी दिएको हो ।

इन्सेकका जिल्ला प्रतिनिधि दुर्गा परियारका अनुसार जिल्लामा बलात्कार, हत्या, बहुविवाह, घरेलु हिंसाजस्ता घटना घटेका छन् । उहाँका अनुसार यस अवधिमा १३ बालिका बलात्कार घटनाबाट पीडित भएका छन्भने छ बालिका यौन दुर्व्यवहारको घटनामा पीडित भएका छन् ।

त्यसैगरी, ११ वटा बलात्कारका घटना घटेको र सातवटा बलात्कार प्रयासका घटना भएका छन् । पाँच पुरुष र पाँच महिलाको परिवारजनबाटै हत्या भएको छ । बहुविवाहका सातवटा घटना घटेका छन् ।

गाउँनिकाला, झडप, ढुङ्गामुढा, नाकाबन्दी, आत्महत्या दुरुत्साहन, घरेलु हिंसालगायतका मानवअधिकार उल्लङ्घनका घटना घटेका छन् । स्थानीय तहहरूका न्यायिक समितिमा पीडितहरूले विश्वास नगरेको देखिएको छ ।

वर्ष पुस्तक समीक्षा कार्यक्रममा इलाका प्रहरी कार्यालय लहानका प्रहरी निरीक्षक शिव कट्टेलले प्रहरी जनशक्ति पर्याप्त नभएकाले अपराध नियन्त्रण र लागुपदार्थ दुर्व्यसनी न्यूनीकरणमा चुनौती देखिएको बताउनुभयो ।

त्यसैगरी, मधेस प्रदेशसभाका सदस्य राजेन्द्रप्रसाद चौधरीले समाजमा हिंसा न्यूनीकरणका लागि कानुन कार्यान्वयनको पक्ष फितलो रहेको बताउँदै आम नागरिक सचेत हुनुपर्ने बताउनुभयो ।

# पूर्वगृहमन्त्री लामिछानेसहित चार जनाविरुद्ध मुद्दा दायर

गण्डकी, ७ पुस (रासस) ।
पोखराको सूर्यदर्शन सहकारी ठगी प्रकरणमा मुछिनुभएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेसहित चार जनाविरुद्ध सम्पत्ति शुद्धीकरण कसुरमा जिल्ला अदालत कास्कीमा मुद्दा दायर गरिएको छ । जिल्ला सरकारी वकिल कार्यालयका सहायक जिल्ला न्यायाधिवक्ता शान्तिदेवी शर्माले लामिछानेसँगै रामबहादुर खनाल, छविलाल जोशी र लीला पछाइविरुद्ध आइतबार सम्पत्ति शुद्धिकरणमा मुद्दा दायर गरिएको जनाकारी दिनुभयो ।

पूर्वगृहमन्त्री लामिछानेमाथि रु २७ करोड ८९ लाख ४४ हजार सात सय बिगो दाबीसहित मुद्दा दर्ता गरिएको उहाँले बताउनुभयो । यस्तै जोशीविरुद्ध रु ७४ करोड ३४ लाख ७१ हजार बढी बिगो दाबीसहित मुद्दा दायर गरिएको छ । अन्य व्यक्तिलाई पनि कसुरअनुसारको बिगो र सजायको मागसहित अभियोगपत्र दर्ता गरिएको सहायक जिल्ला न्यायाधिवक्ता शर्माले बताउनुभयो ।

लामिछानेसहित १९ जनाविरुद्ध सङ्गठित अपराधमा र ३१ जनाविरुद्ध सहकारी ठगी मुद्दामा मुद्दा दायर गरिएको छ । सरकारी वकिल कार्यालयका अनुसार सहकारी ठगी प्रकरणमा हालसम्म ६३ जनाविरुद्ध जिल्ला अदालत कास्कीमा मुद्दा दायर गरिएको छ ।

जिल्ला अदालतका सूचना अधिकारी सुरज अधिकारीले सहकारी ठगी, सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुरमा सभापति लामिछानेसहित विभिन्न व्यक्तिविरुद्ध सजायको माग दाबीसहित अभियोगपत्र दर्ता भएको बताउनुभयो । सहकारी बचत रकम अपचलन गरेको आरोपमा सभापति लामिछाने गत कात्तिक २ गते काठमाडौँबाट पक्राउ पर्नुभएको थियो । उहाँमाथि कास्कीसहित अन्य जिल्लासमेत सहकारी ठगीको आरोपमा अनुसन्धान भइरहेको छ ।

***जनकपुरका समर्थक ....***

पर्ने तथा साम्प्रदायिक एवं सामाजिक सद्भावमाथि खलल पुऱ्याउनेतर्फ सम्बद्ध पक्षको ध्यानाकर्षण गर्नुभयो ।

सो घटनाका सन्दर्भमा आयोगले सदस्य जीवछ साह नेतृत्वमा उच्चस्तरीय टोली खटाइ स्थलगत निरीक्षणसहित घाइतेहरुसँग विस्तृत विवरण बुझेपछि आवश्यक निर्णय लिने स्पष्ट गरेको छ ।

राजबिराज नगरपालिका
६ नं. वडा कार्यालय
राजबिराज, सप्तरी
२ नं. प्रदेश, नेपाल

पत्र संख्या : २०८१/०८२
चलानी नं. ५९८

मिति :-२०८१/०९/०७

राजबिराज नगर पालिका वडा नं. ६ बाट जारी गरिएको सुचना ।

विषय :- सुचना प्रकाशित गरिदिने बारे ।

श्री ...............................

उपरोक्त सम्बन्धमा भूमिसुधार तथा मलपोत कार्यालय सप्तरीको पत्र २०८१/०८२ च.न. २८७० को प्राप्त पत्र अनुसार जिल्ला सप्तरी साविक मलेकपुर वडा न. ३ हाल राजबिराज नगरपालीका वडा नं ६ बस्ने स्व. आनन्दी साहुको छोरा त्रिवेणी साहु र बुहारी शनिचरी कुमारी ना. प्र. न. ५९२४३३८९ मिति २०८१/०९/०३ को दर्ता न. ५०६ को संयुक्त निवेदन मांग हुन आएको हुदा सो सम्बन्धमा स्व. आनन्दी साहुको नाउमा तपसिल बमोजिम जग्गा दर्ता कायम रहेको र निज स्व. आनन्दी साहुको मृत्यु भइसकोले हाल उक्त जग्गा स्व. आनन्दी साहुको छोरा त्रिवेणी साहु र बुहारी शनिचरी कुमारी लाई श्री मालपोत कार्यालयको नाउमा सिफारिस गरिदिएमा अरु कसैको हकदावी ,अंस रहेको भए सो आफु संग भएको सबुत प्रमाण लिई यस वडाका वडा कार्यालयको समयमा ७ सात दिन भित्र आई दिनु होला अन्यथा कानुन बमोजिम भई जाने छ ।

तपसिल

त्रिवेणी साहु को नाममा दा.खा. दर्ता हुने जग्गाहरु

| सि.नं | जिल्ला | न.पा./गा.वि.स | वडा नं | कित्ता नं | हाल कित्ता नं | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सप्तरी | बरिया | ३ | २०४ | २४७३ | ०-०-२.५ | |
| २ | सप्तरी | बरिया | ३ | २२७ | २४७६ | ०-०-३.५ | |

शनिचरी कुमारीको नाममा दा.खा. दर्ता हुने जग्गाहरु

| सि.नं | जिल्ला | न.पा./गा.वि.स | वडा नं | कित्ता नं | हाल कित्ता नं | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सप्तरी | बरिया | ३ | २०४ | २४७२ | ०-०-२.५ | |
| २ | सप्तरी | बरिया | ३ | २२७ | २४७५ | ०-०-३.५ | |

शशी कुमार चौधरी
वडा अध्यक्ष

Rajbiraj Municipality wada No-6 ☎ :031-590166 ,Email: rajbirajwada6@gmail

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*